प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ३३

"मानिसमाथि आइपर्ने किसिमको परीक्षाबाहेक अरू कुनै परीक्षा तिमीहरूमाथि आइपरेको छैन; तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूको शक्तिदेखि बाहिरको परीक्षामा पर्न दिनुहुनेछैन।"

१ कोरिन्थी १०:१३

छोराछोरीलाई ख्रीष्टकहाँ ल्याउनु

यदि हामी आफ्ना छोराछोरीलाई ख्रीष्टकहाँ ल्याउन सक्दो प्रयास गर्दैनौं भने, अरू कसैले तिनीहरूलाई नरकमा पुऱ्याउन कुनै कसर बाँकी राख्नेछैन।

एक पटक, मर्ने लागेका र मनमा भयानक छटपटी भोगिरहेका आफ्नो बिरामी छोरालाई एउटी आमाले भनिन्, "बाबु, तिमी यस्तो दुःखमा परेको देख्दा मलाई खेद लाग्छ। मैले तिमीलाई कहिल्यै नराम्रो कुरा त सिकाइनँ नि।"

"हो, आमा," उसले जवाफ दियो, "तर तपाईंले मलाई कुनै असल कुरा पनि सिकाउनुभएन। त्यसैले मभित्र सबै किसिमका खराबी पस्ने ठाउँ रह्यो।"

- स्पर्जन, Lectures to My Students



"मेरा आँखाहरू खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाबाट अद्भुत कुराहरू देख्न सकूँ।" - भजनसंग्रह ११९:१८

परीक्षालाई पूरा आनन्द सम्झ

"मेरा भाइहरूहो, जब तिमीहरू नाना प्रकारका परीक्षाहरूमा पर्दछौ, तब तिमीहरू यो पूरा आनन्द सम्झ, यो जानेर कि तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ। तर धीरजलाई आफ्नो सिद्ध काम गर्न देओ, कि कुनै कुराको खाँचो नपर्ने गरी तिमीहरू सिद्ध र पूर्ण होओ।" (याकूब १:२–३)

जीवनका परीक्षा दुःख, निराशा, हानि, मनोव्यथा, असफलता, रोग वा खतराका रूपमा आउन सक्छन्। तर विश्वासीका निम्ति परीक्षा जीवनमा आइपरेको समस्या मात्र नभएर उसको विश्वासको जाँच हो (याकूब १:३)। विद्यार्थीहरू परीक्षामा उत्तीर्ण भएपछि अर्को कक्षामा उक्लेझैं परमेश्वरले हाम्रो विश्वासको जाँच गर्नुहुन्छ, ताकि हामी आत्मिक जीवनमा अघि बढ्न सकौं। तर परमेश्वरले हामीमाथि क्षमताभन्दा बढी परीक्षा आउन दिनुहुन्न भन्ने कुरा जान्नु कति सान्त्वनादायी छ! (१ कोरिन्थी १०:१३)।

परमेश्वर हामीले परीक्षालाई पूर्ण आनन्दको विषय ठानेको चाहनुहुन्छ! उहाँले "आनन्द महसुस गर" भन्नुहुन्न, तर "पूरा आनन्द सम्झ" भन्नुहुन्छ। परीक्षाले पीडा दिएर आँसु झार्न लगाए पनि, त्यसलाई टार्नुपर्ने होइन, आफ्नै भलाइका निम्ति आएको ठान्नुपर्छ। अर्को हप्ता म दन्त चिकित्सककहाँ गएर बंगाराको दाँत उखेलाउँदै छु। त्यसबाट आनन्द त आउनेछैन, तर फाइदा हुने विश्वासले समय र पैसा खर्च गर्न तयार छु। त्यसरी नै, परीक्षालाई आनन्दको विषय ठान्नु भनेको त्यसलाई सकारात्मक रूपमा हेर्नु र परमेश्वरले मेरो भलाइ र आफ्नो महिमाका निम्ति त्यो आउन दिनुभएको हो भनी विश्वास गर्नु हो।

परीक्षाहरूबाट के लाभ हुन्छ त? विश्वासीको जीवनमा ख्रीष्टको जस्तै चरित्र निर्माण गर्न परमेश्वरले परीक्षाहरूलाई एउटा महत्त्वपूर्ण साधनका रूपमा प्रयोग गर्नुहुन्छ। याकूब लेख्छन्, "तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ" (पद ३)। "धीरज" शब्दको ग्रीक मूल अर्थ "मुनि रहिरहनु" हो। यसको भावार्थ कठिन परिस्थितिमा पनि अडिग रहनु, हतारमा वा क्षणिक भावनाको वशमा परेर काम नगर्नु, बरु परमेश्वरमाथि भरोसा राख्दै उहाँले असल काम गर्नुहुनेछ भन्ने आशासहित धैर्यपूर्वक पर्खिरहनु हो। परीक्षाहरूले हाम्रो विश्वासलाई अभ्यास गराउँछन्। हामी जति बढी परमेश्वरमाथि भरोसा गर्न सिक्छौं, त्यति नै बढी हामीमा धीरज बढ्दै जान्छ।

परमेश्वर हामीले बोल्नमा ढिलो र रिसाउनमा ढिलो गरेको चाहनुहुन्छ (याकूब १:१९); उहाँ हामीले हतारमा निर्णय गरेको पनि चाहनुहुन्न (हितोपदेश १९:२)। तर हाम्रो पापी स्वभाव यसको ठीक विपरीत छ। त्यसैले हामीले कठिन अनुभवहरूबाट सिक्नुपर्छ। यस्ता अनुभवहरूले हामीलाई आफूमाथि भरोसा गर्न छोडेर परमेश्वरमाथि निर्भर रहन सिकाउँछन्। हाम्रो विश्वास जति बढी परीक्षाहरूद्वारा अभ्यास गरिन्छ, हामी त्यति नै बढी विश्वास, आशा र प्रेममा बढ्दै जान्छौं। त्यसकारण, जब परीक्षाहरूद्वारा तपाईंको विश्वासको जाँच हुन्छ, तब यो पूरा आनन्दको विषय सम्झनुहोस्!

- प्रदेश श्रेष्ठ

© 2026 WORDOFTRUTH.COM.NP

पुनरावलोकन प्रश्नहरू - अध्याय ६

1. प्रति-सुधार आन्दोलन (Counter-Reformation) किन सुरु भयो, र शैतानले यसमार्फत कुन दुई प्रमुख उद्देश्य पूरा गर्न खोज्यो?
2. ट्रेण्टको महासभा (Council of Trent) ले रोमन क्याथोलिक चर्चका कुन प्रमुख सिद्धान्तहरूलाई पुनः पुष्टि गऱ्यो, र त्यसको परिणाम के भयो?
3. जेसुइटहरू, इन्डेक्स (Index), र इन्क्विजिसन (Inquisition) लाई प्रति-सुधार आन्दोलनका हतियारहरूको रूपमा कसरी प्रयोग गरियो?
4. फ्रान्स, इङ्ग्ल्यान्ड र नेदरल्यान्ड्समा प्रोटेस्टेन्टहरूमाथि भएको सतावटका केही प्रमुख घटनाहरू उल्लेख गर्नुहोस्। साथै, स्पेनी आरमाडाको पराजय किन महत्त्वपूर्ण थियो?
5. तीस वर्षे युद्ध (1618–1648) र वेस्टफेलियाको सन्धिले युरोपको धार्मिक अवस्थालाई कसरी परिवर्तन गऱ्यो?
6. धेरै प्रोटेस्टेन्ट समूहहरूले चर्च, राज्य र भविष्यको ईश्वरशासित राज्यसम्बन्धी कस्ता गलत धारणाहरू अपनाए, र ती धारणाहरूका कारण के परिणामहरू देखा परे?
7. एनाब्याप्टिस्टहरूको चर्च र राज्यसम्बन्धी दृष्टिकोण तथा भविष्यको राज्यसम्बन्धी विश्वास के थियो? शैतानले उनीहरूलाई नष्ट वा बदनाम गर्न कुन-कुन उपायहरू अपनायो?
8. तर्कवाद (Rationalism) र अनुभववाद (Empiricism) का मुख्य शिक्षाहरू के के थिए, र तिनीहरूले ईश्वरीय प्रकाश तथा बाइबलप्रतिको दृष्टिकोणलाई कसरी परिवर्तन गरे?
9. देववाद (Deism) कसरी विकसित भयो, र परमेश्वर, सृष्टि, चमत्कार, बाइबल तथा येशू ख्रीष्टसम्बन्धी यसको प्रमुख विश्वासहरू के-के थिए?
10. देववादले मानिसको स्वभाव, पापको समस्या र आदर्श समाज (utopia) सम्बन्धी कस्तो दृष्टिकोण राख्यो? यसलाई उदारवादी प्रोटेस्टेन्टवादको अग्रदूत किन भनिन्छ?
11. तर्कवाद, अनुभववाद र देववादद्वारा शैतानले सुसमाचार, बाइबल र भविष्यको ईश्वर-शासित राज्यसम्बन्धी शिक्षामाथि कसरी प्रहार गऱ्यो?
12. जर्मनीमा तर्कवाद, अनुभववाद र देववादप्रति परमेश्वरको प्रत्युत्तर के थियो? पायटिस्ट आन्दोलन र मोराभियन चर्चले सुसमाचारको प्रचारमा कस्तो योगदान दिए?
13. इङ्ग्ल्यान्डको वेस्लीयन जागृति (Wesleyan Revivals) र अमेरिकाको महान् जागृति (Great Awakening) ले सुसमाचारको विस्तार तथा समाजमा कस्तो प्रभाव पारे?
14. कान्ट, हेगेल र श्लाइअरमाखरका दर्शनहरूले बाइबल, विशेष ईश्वरीय प्रकाश र धार्मिक अधिकारसम्बन्धी कस्ता नयाँ विचारहरू प्रस्तुत गरे?
15. यी दर्शनहरूले विनाशकारी उच्च आलोचनाको (Higher Criticism) विकासका लागि कसरी आधार तयार गरे, र यसले बाइबलप्रति कस्तो दृष्टिकोण अपनायो?
16. विनाशकारी उच्च आलोचनाले बाइबलका ऐतिहासिक विवरणहरू, येशू ख्रीष्ट, भविष्यवाणीहरू, आश्चर्यकर्महरू र भविष्यको ईश्वर-शासित राज्यसम्बन्धी शिक्षालाई कसरी व्याख्या वा अस्वीकार गऱ्यो?
17. व्यापारिक मानसिकताको उदयमा विज्ञान र औद्योगिक क्रान्तिले कस्तो भूमिका खेले, र शैतानले भौतिकवादलाई मानिसहरूलाई परमेश्वरबाट टाढा लैजान कसरी प्रयोग गऱ्यो?
18. साम्यवादको जन्म किन भयो, र कार्ल मार्क्सले इतिहास, धर्म र वर्ग-संघर्षसम्बन्धी कस्ता विचारहरू अघि सारे?
19. साम्यवादले ख्रीष्टियन विश्वासको स्थानमा के प्रस्तुत गऱ्यो, र यसलाई भविष्यमा स्थापना हुने ईश्वर-शासित राज्यको नक्कली विकल्प किन भन्न सकिन्छ?
20. डार्विनको विकासवाद (Evolution) ले ख्रीष्टियन विश्वासका कुन-कुन आधारभूत शिक्षाहरूमाथि चुनौती खडा गऱ्यो?
21. विकासवादले मानिस, पाप, उद्धार, ख्रीष्टको मृत्यु र धर्मको उत्पत्तिसम्बन्धी कस्ता नयाँ व्याख्याहरू प्रस्तुत गऱ्यो?
22. विकासवादप्रति निराशावादी र आशावादी दृष्टिकोणहरू कसरी फरक थिए, र आशावादी दृष्टिकोणले भविष्यमा परमेश्वरको प्रत्यक्ष हस्तक्षेपद्वारा स्थापना हुने ईश्वर-शासित राज्यसम्बन्धी बाइबलीय शिक्षालाई कसरी प्रभावित गऱ्यो?
23. उन्नाइसौँ शताब्दीमा गलत दर्शनहरू, उच्च आलोचना, साम्यवाद र विकासवादको प्रभावबीच परमेश्वरले साँचो विश्वासको रक्षा र विस्तारका लागि कस्ता कार्यहरू गर्नुभयो?
24. रिट्शलको दर्शनले धार्मिक अनुभव, ख्रीष्टियन जीवन, परमेश्वरको प्रेम र परमेश्वरको राज्यलाई कसरी व्याख्या गऱ्यो, र उसले कुन प्रमुख बाइबलीय शिक्षाहरूलाई अस्वीकार गऱ्यो?
25. रिट्शलको दर्शनले सामाजिक सुसमाचार (Social Gospel) आन्दोलनको विकासमा कस्तो योगदान पुऱ्यायो?

भूल सुधार: माफ गर्नुहोला, गत अङ्कमा प्रकाशित प्रश्नहरू अध्याय ७ का थिए। भूलवश अध्याय ६ लेखिएको थियो।

सत्यताको निभ्दै गरेको मैनबत्ती

यदि हामी आफ्नो वरिपरिका हराएका आत्माहरूलाई साँच्चै प्रेम गर्छौं भने, तिनीहरूको धार्मिक आस्था जस्तोसुकै भए तापनि, तिनीहरूलाई सुसमाचारको सत्यता बताउन अझ बढी प्रयत्न गर्नेछौं, ताकि धेरै ढिलो हुनुअघि नै तिनीहरूले त्यो सत्यता जान्न सकून्। आफ्नो समयमा इङ्गल्यान्डका सबैभन्दा प्रभावशाली प्रचारकहरूमध्ये एक, बिशप ह्यू ल्याटिमरमा पनि यस्तै जोश थियो। आठौं हेनरीको शासनकालमा समेत उनले रोमन क्याथोलिक मण्डलीले प्रचार गर्ने गलत सुसमाचार र रोटी तथा दाखमद्य ख्रीष्टको वास्तविक शरीर र रगतमा परिणत हुन्छन् भन्ने सिद्धान्तको त्रुटि निर्भीकतापूर्वक उदाङ्गो पारेका थिए। यसैकारण उनलाई लन्डनको टावरमा कैद गरिएको थियो। राजा एडवर्डको शासनकालमा रिहा भएपछि ल्याटिमरले ख्रीष्टको पूरा भएको काममाथि विश्वासद्वारा, अनुग्रहबाट पाइने मुक्तिको सुसमाचार जोशका साथ प्रचार गरिरहे। तर 'रक्तपिपासु मेरी' को शासनकालमा उनलाई फेरि कैद गरियो र अक्टोबर १६, १५५५ मा बल्लीअल कलेजमा जिउँदै जलाइयो।

बिशप निकोलस रिड्लीसँगै एउटै खम्बामा फलामको साङ्लाले एक-अर्कासँग पछाडिपट्टि बाँधिएका ल्याटिमरले आगोले आफूहरूलाई निल्दै गर्दा आफ्ना सहिद साथीलाई यसो भनेको बताइन्छ:

"हिम्मत गर्नुहोस्, प्रिय रिड्ली, र वीर पुरुषझैं दृढ रहनुहोस्। आज परमेश्वरको अनुग्रहद्वारा हामी इङ्गल्यान्डमा यस्तो मैनबत्ती बाल्नेछौं, जुन मेरो विश्वास छ, कहिल्यै निभाइनेछैन।"

आजका प्रोटेस्टेन्टहरूले पाएको विरासत यही हो। तर अहिले सुसमाचारका अगुवाहरू यही विरासतको अपमान गरिरहेका छन्, यहाँसम्म कि यसलाई अस्वीकारसमेत गरिरहेका छन्। ती सहिदहरूले रोमको विरुद्धमा साहसपूर्वक खडा भएर आफ्नो जीवन अर्पण नगरेका भए, सम्भवतः आजका ख्रीष्टियन अगुवाहरूले सुसमाचारको सत्यता जान्ने अवसरसमेत पाउने थिएनन्। तर अहिले तिनीहरू त्यही संस्थासँग अपवित्र साझेदारीमा सामेल भइरहेका छन्, जसले ती सहिदहरूको रगत बगाएको थियो!

सत्य बुझ्नुपर्नेहरू नै त्योसँग अपवित्र गठबन्धनमा बाँधिन्छन्। आउनुहोस्, झन्-झन् गहिरिँदै गएको अन्धकारको विरुद्धमा दृढतापूर्वक खडा होऔं। असङ्ख्य सहिदहरूको बलिदानले प्रज्वलित गरेको त्यो मैनबत्ती हाम्रो समयमा झन्-झन् मधुरो हुँदै गइरहेको छ।

Source: A Woman Rides the Beast by Dave Hunt

आत्मा जित्ने विषयमा

"यहाँ उपस्थित हरेक पुरुष, हरेक महिला र हरेक बालक, जसको हृदय परमेश्वरसँग ठीक छ, आत्मा जित्ने व्यक्ति बन्न सक्छ।"

"प्रभुको काममा सबैभन्दा बढी उपयोग हुने सम्भावना त्यसैको हुन्छ, जसले परमेश्वरले आफूलाई प्रयोग गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै त्यही दृढ विश्वासका साथ काम गर्छ।"

"परमेश्वरको वचनका सबै रहस्यहरू खोतल्नुभन्दा एउटै पापीलाई येशू ख्रीष्टकहाँ ल्याउन म बढी रुचाउँछु, किनकि हामीले जीवन नै मानिसहरूको मुक्तिका निम्ति जिउनुपर्छ।"

"प्रेमद्वारा, तिनीहरूका दुःखमा सहभागी भएर र तिनीहरू नाश होलान् भन्ने चिन्ताले व्याकुल हुँदै हामी मानिसहरूका हृदय येशूका निम्ति जित्छौं।"

- चार्ल्स स्पर्जन

"फेरि प्रचार गर्ने अवसर पाउँछु कि पाउँदिनँ भन्ने निश्चित नभएझैं गरी, मरणशील मानिसहरूलाई मरणशील मानिसले झैं मैले प्रचार गरूँ।"

- रिचार्ड ब्याक्सटर



"हिम्मत गर्नुहोस्, प्रिय रिड्ली, र वीर पुरुषझैं दृढ रहनुहोस्।" - ल्याटिमर


नम्रताको शक्ति

डा. ड्वाइटले यसरी लेख्नुभएको छ: "मेरो एक जना परिचित व्यक्ति थिए, जो अत्यन्तै आवेशी र कठोर स्वभावका थिए। धेरै वर्षअघि उनको एक जना ख्रीष्टियन साथीसित विवाद भएको थियो र ती साथीले उनलाई चोट पुऱ्याएका थिए। मनमा गहिरो वैमनस्य राखेर उनी ती साथीसित भेट्न गए र झगडा गर्ने आफ्नो उद्देश्य स्पष्ट रूपमा बताए। त्यसपछि उनले आफूलाई पुऱ्याइएको चोटको प्रकृति र गम्भीरताबारे बताए। तर त्यस ख्रीष्टियन साथीले उनलाई बीचैमा रोकेर आफूले गरेको अन्याय तत्परता र स्पष्टतासाथ स्वीकार गरे, आफ्नो गल्तीप्रति खेद प्रकट गरे, क्षमा मागे र पर्याप्त क्षतिपूर्ति दिने प्रस्ताव राखे। त्यस बेला उनी आफ्ना साथीमाथि कठोर दोषारोपणको वर्षा गर्न तयार थिए। तर साथीको व्यवहारले उनलाई त्यसो गर्न दिएन।

आफू सन्तुष्ट भएको कुरा भन्न उनी बाध्य भए र त्यहाँबाट फर्किए। आफूले व्यक्त गर्न चाहेको आक्रोश पोख्न नपाएकोमा उनी अत्यन्तै खिन्न भए। आफ्नो व्यवहारका लागि साथीले उनलाई तीखा र कठोर शब्दहरू सुनाएर चोट पुऱ्याउने अपेक्षा गरेका थिए, तर त्यसको सट्टा साथीले आफ्नो गल्ती स्वीकार गरेका थिए।

घर फर्कने क्रममा उनले मनमनै यसो भने: 'मैले अहिलेसम्म ठानेको भन्दा ख्रीष्टियन विश्वासमा पक्कै पनि केही बढी कुरा रहेछ। आज साँझ मैले आफ्ना साथीसित जसरी अहङ्कारपूर्ण र उत्तेजक शैलीमा कुरा सुरु गरेको थिएँ, यदि कसैले मसित त्यसरी नै कुरा गरेको भए, त्यसरी शान्तचित्त रहन मलाई असम्भव हुनेथियो। विशेष गरी, त्यति स्पष्टता, नम्रता र कोमलतासाथ आफ्नो गल्ती स्वीकार गर्नु, आफूले चोट पुऱ्याएको मानिससित यति सहजतापूर्वक क्षमा माग्नु र सन्तोषजनक क्षतिपूर्ति दिने प्रस्ताव यति प्रसन्नतासाथ राख्नु त मेरो वशमा हुनेथिएन। मैले त उसको रिसको जवाफ कम्तीमा उत्तिकै वैमनस्यका साथ दिनेथिएँ, निन्दाको जवाफ निन्दाले नै दिनेथिएँ र चोटको बदलामा चोट पुऱ्याउनेथिएँ। उसले अङ्गीकार गरेको धर्ममा त्यस्तो केही कुरा छ (जुन उसको हृदयको अनुभव हो भनेर मान्न म बाध्य छु), जसले उसलाई मभन्दा यति श्रेष्ठ, यति असल र यति बढी मनमोहक बनाएको छ। म आफू पनि त्यस्तो हुन सक्छु भनेर दाबी गर्नसमेत सक्दिनँ। यस विषयले मलाई यस्तो किसिमले छोएको छ, जसको अनुभव मैले यसअघि कहिल्यै गरेको थिइनँ। अब मैले यस विषयलाई अहिलेसम्मभन्दा बढी गम्भीरतापूर्वक, बढी निष्पक्षतासाथ र अझ गहिरो मननसहित जाँच्ने बेला आएको छ।'

यस घटनाले त्यस मानिसको मनमा विचार र भावनाहरूको एउटा शृङ्खला जगायो। अन्ततः त्यसले उनलाई प्रभु येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा ग्रहण गर्न, आफू संलग्न रहेको व्यवसाय त्याग्न र सुसमाचारको सेवकाइमा आफूलाई समर्पित गर्न डोऱ्यायो।" - Jewels for the Household



भाषाबाट प्राप्त प्रमाण

यदि मानिस कम बुद्धिमान् प्राणीहरूबाट क्रमिक रूपमा विकसित भएका हुन् भने, सबैभन्दा पुराना लिखित भाषाहरू सबैभन्दा कम जटिल हुनुपर्ने हो। तर वास्तविकता यसको ठीक विपरीत छ। सबैभन्दा पुराना लिखित भाषाहरू नै अत्यन्त जटिल थिए। प्राचीन चिनियाँ र युनानी भाषाहरू आफ्ना आधुनिक रूपहरूभन्दा निकै जटिल थिए। सबैभन्दा जटिल लिखित भाषाहरूमध्ये संस्कृत पनि एक हो, जसको इतिहास ईसापूर्व १५०० सम्म पुग्छ। संस्कृतमा एउटा क्रियापदका ५०० वटासम्म रूप हुन्थे! यसको तुलना अङ्ग्रेजी भाषासित गर्नुहोस्, जहाँ अधिकांश क्रियापदका केवल पाँचवटा रूप हुन्छन् (do, does, did, done, doing)। ईसापूर्व २००० भन्दा अगाडिदेखि नै प्रचलित प्राचीन चिनियाँ भाषामा ६,००० वटा "वर्ण" वा अक्षरहरू थिए। आधुनिक अङ्ग्रेजीमा भने केवल २६ वटा अक्षर छन्।

संसारमा कुनै पनि मानवसमूह यस्तो छैन, जससँग पूर्ण रूपमा विकसित, अत्यन्त जटिल र अभिव्यक्तिपूर्ण भाषा नहोस्। जीविकोपार्जनका लागि कथित "ढुङ्गे युग" का औजारहरू प्रयोग गर्ने मानवसमूहहरूसँग समेत अत्यन्त विकसित भाषाहरू थिए। यी तथ्यहरूले भाषा अस्पष्ट ध्वनिहरूबाट व्याकरणयुक्त भाषासम्म, सरलबाट जटिलसम्म र आदिम अवस्थाबाट सभ्य अवस्थासम्म क्रमिक रूपमा विकसित भएको सिद्धान्तलाई कडा चुनौती दिन्छन्।

- Source: A Closer Look at the Evidence by Richard & Tina Kleiss